कपीराइट र जानकारी:
© 2001 Project WorldReach © 2001 SEAN
सर्वाधिकार सुरक्षित

Train & Multiply®
Project WorldReach (टि एम सेवकाइ संचालन)
Dr. George Patterson (मौलिक लेखक)
SEAN International

सम्पर्क ठेगाना: **Project WorldReach PWR®**

474 - 800 - 15355 - 24th Ave
Surrey BC, Canada
V4A 2H9

इमेल: pwr@trainandmultiply.com

वेबसाइट: http://www.trainandmultiply.com

030NP01C01

आफ्ना चेलाहरुको निम्ति येश खीष्टका ७ आज्ञाहरु



पाष्टरीय तालीम पुस्तिका

३०

तालीम र वृद्धि

T&M ®

येशूका आधारभूत आज्ञाहरु पालन गर्न र सिकाउन परमेश्वर ले तपाईलाई सहायता गरुन् भनी प्रार्थना गर्नोस् ।

प्रभु येशूले हामीलाई भन्नुहुन्छ:

"यसकारण जाओ, र सबै देशका जातिहरुलाई चेला बनाओ, पिता र पुत्र र पवित्र आत्माको नाउँमा तिनीहरुलाई बप्तिस्मा देओ, मैले तिमीहरुलाई आज्ञा गरेका सबै कुरा पालन गर्न तिनीहरुलाई सिकाओ ।"

(मत्ती २८:१९-२०)

- जब नयाँ झुण्डले यी सात आज्ञाहरु मानिरहेका हुनेछन्, तब यो एक मण्डली हुनेछ । यो अति सरल छ ।

कति आनन्दको कुरो !

टिप्पणीहरु:

© Project WorldReach © SEAN

अभ्यासको काम

- खीष्टका यी ७ आज्ञाहरु तपाईको मण्डलीमा अभ्यास गर्नुहोस् ! तिनीहरुलाई पालन गर्न अनि अरुलाई सिकाउन पवित्र आत्माबाट प्रेम र सामर्थ्य पाउन सकौं भनी प्रार्थना गर्नोस् !

(यदि तपाईलाई सल्लाह र सहयोग चाहिन्छ भने, तपाईको सुपरिवेक्षकलाई सोध्नोस् ।)

- खीष्टका यी सात आज्ञाहरु अति आधारभूत हुन् । मण्डली व्यवस्थापनका सबै नियमहरु अनि हामीहरुको आफ्नै विचार र सोंचहरुभन्दा माथिल्लो स्तरमा राखेर हामीले यिनीहरुको पालना गर्नुपर्दछ । यी शब्दहरु पर मेश्वरको पुत्र येशूको हो अनि उहाँले नै तिनीहरुको पालना गर्न र अरुहरुले पालना गर्नसक्ने गरी उनीहरुलाई सिकाउन आज्ञा गर्नुभयो ।

कसरी चेला बनाउनु भन्ने बारेमा प्रभु येशू खीष्टले मत्ती २८:१९-२० मा बताउनु भएको छ । हामी तिनीहरुलाई बप्तिस्मा दिन्छौं अनि उहाँले हामीलाई दिनुभएका सबै आज्ञाहरु पालन गर्न सिकाउँछौं ।

"यी सबै आज्ञाहरु" भन्नाले के बुझिन्छ ?

यो सानो पुस्तिकामा हामी प्रभु येशू खीष्टका सात आधारभूत आज्ञाहरु छोटकरीमा अध्ययन गर्नेछौं अनि कण्ठ पार्नेछौं ।

जब तपाईले यिनीहरुलाई कण्ठ पार्नुहुनेछ, तब यी सातैवटा आज्ञाहरुलाई एक एकवटा गरी अध्ययन गर्नोस् ।

- ☐ पश्चाताप र विश्वास गर्नोस् । (मर्कूस १:१५)
- ☐ बप्तिस्मा लिनोस् । (मत्ती २८:१९)
- ☐ परमेश्वर र तपाईको छिमेकीलाई प्रेम गर्नोस् । (मत्ती २२:३७-४०)
- ☐ दिनहुँ परमेश्वरको वचन अध्ययन गर्नोस् अनि प्रार्थना गर्नोस् । (मत्ती ४:४, ६:५-१३)
- ☐ प्रभुभोजमा सामेल हुनुहोस् । (मत्ती २६:२६-२८)
- ☐ दिनुहोस् । (मत्ती ६:१९-२१)
- ☐ चेलाहरु बनाउनोस् । (मत्ती २८:१८-२०)

७. इसाई आराधनाको अति गम्भीर अनि आत्मीय अभिव्यक्ति कस्तो हुन्छ:

- ☐ मनोरञ्जन दिनलाउने गायक तथा संगीतकारहरु भाडामा लिइन्छ ।
- ☐ प्रभुको देह र रगतमा भाग लिनको निम्ति प्रभुभोज सञ्चालन गर्ने ।

८. चेला हुनु भनेको:

- ☐ अविश्वासीहरुलाई साक्षी दिनु ।
- ☐ नयाँ विश्वासीहरुलाई खीष्टप्रति आज्ञाकारी हुन सिकाउनु ।
- ☐ खीष्टमा बढिरहेका सबै विश्वासीहरुको निम्ति गोठालोको भूमिका निभाउनु ।
- ☐ पाष्टरहरु, अगुवाहरु अनि मिसनेरीहरुलाई तालीम दिनु ।
- ☐ माथि भनिएका सबै ।



© Project WorldReach © SEAN

३. नयाँ करारमा, बप्तिस्माको अर्थ यस्तो हुन्छ:

☐ बाइबल सिद्धान्तको कुनै कोर्स सिद्धाएर उपाधि लिनु ।

☐ खीष्टसित पापको निम्ति मर्नु अनि उहाँमा नयाँ जीवनको निम्ति बौरी उठ्नु ।

४. कुन स्रोतबाट हामीले हाम्रा शत्रुहरुलाई प्रेम गर्ने शक्ति पाउँछौं ?

☐ असल व्यवहार सम्बन्धी एक कोर्स गरेर ।

☐ परमेश्वर ।

५. हामीले किन दिएको परमेश्वर चाहनुहुन्छ, किनभने:

☐ हामी स्वार्थी भयौं भने उहाँले सजाय दिनुहुन्छ भन्ने डरको कारण ।

☐ हाम्रो निम्ति येशूले के गरिदिनु भयो, त्यसको निम्ति उहाँलाई प्रेम र कृतज्ञता प्रकट गर्न ।

६. हाम्रा प्रार्थनाहरु कस्तो हुनुपर्छ:

☐ हामीले घरिघरि दोहोऱ्याउनको निम्ति कण्ठ पारि एका वाक्यांशहरु ।

☐ एक बालकले बाबुसंग बात मारेको जस्तै गरी विश्वास र प्रेममा परमेश्वरसंग बात मार्ने ।

पश्चाताप र विश्वास

"समय पूरा भएको छ, र परमेश्वरको राज्य नजीक आइपुगेको छ । पश्चाताप गर, र सुसमाचारमा विश्वास गर" भनी येशूले भन्नुभयो । साँचो पश्चाताप र विश्वास सधैं संगसंगै जान्छ, एउटाविना अर्कोलाई मात्र लिन सक्नुहुन्न । (मर्कूस १:१५)

खीष्टलाई पछ्याउनको लागि हामी पापहरुलाई इन्कार गर्दछौं । जब हामी पश्चाताप गर्दछौं, हाम्रो विश्वासद्वारा पवित्र आत्मा हाम्रो हृदयमा प्रवेश गर्नुहुन्छ । खीष्टमा

विश्वास गर्दा हामी केवल बचाइने मात्र होइनौं । विश्वासले ता हामीलाई परमेश्वरले चाहनु भए जस्तै गरी जिउन र उहाँको सेवा गर्न सहायता गर्दछ । हामीले हाम्रो जीवनमा निरन्तर पवित्रताको चाहना गरिरहनु पर्दछ ।

बप्तिस्मा लेओ ।

"यसकारण जाओ, र सबै देशका जातिहरुलाई चेला बनाओ, पिता र पुत्र र पवित्र आत्माको नाउँमा तिनीहरुलाई बप्तिस्मा देओ ।"

(मत्ती २८:१९)

सारांश जाँच

१. प्रभु येशूका सात आधारभूत आज्ञाहरु कन्ठ लेख्नोस् ।

_____

_____

_____

_____

_____

_____

_____

२. नयाँ करारमा, "पश्चाताप" शब्दको अर्थ हुन्छ:

☐ सदालाई परिवर्तन हुनु ।

☐ हामीले गरेका कुराहरुको निम्ति नराम्रो महसुस गर्नु ।

© Project WorldReach © SEAN

सेवकाइहरु चलाउन सहयोग गरिरहनु भएको हुन्छ । फलस्वरुप, खीष्टको राज्यको वृद्धि हुनेछ ।

चेला बनाउँदा गर्नुपर्ने अर्को काम हो अरु "राष्ट्रहरु" मा गवाही दिनको निम्ति पाष्टर अनि मिसनेरीहरुलाई तालीम दिनु ।

निकट भविष्यमा परमेश्वरले तपाई स्वयंलाई मिसनेरी हुनको निम्ति बोलावट दिनुहुन्छ कि ?

के तपाईले यो आज्ञा पालन गर्नुहुन्छ ?

- यदि हामीले बप्तिस्मा लिँदैनौं भने हामी येशू खीष्टको आज्ञाकारी चेलाहरु होइनौं ।

- हामीले प्रभु येशू खीष्टमा विश्वास अनि हाम्रा पापहरुको पश्चाताप गरेको वास्तविकतालाई बप्तिस्माले नै निश्चयता गराउँछ ।

- बाइबलमा, नयाँ विश्वासीहरुलाई तुरन्तै बप्तिस्मा दिइएको देखिन्छ । कति अवस्थामा त सारा परिवारले विश्वास गरेको अनि संगै बप्तिस्मा भएको पनि हामी पाउँछौं ।

- नयाँ चेलाको निम्ति बप्तिस्मा प्रथम कदम हो । रोमी ६:१-१२ ले प्रकट गर्दछ कि हामी खीष्टसितै पापको लेखि मर्दछौं अनि उहाँसंगै नयाँ र पवित्र जीवनमा हामी बौरी उठ्दछौं ।

टिप्पणी: बप्तिस्मा दिने सम्बन्धमा मण्डलीहरुमा विभिन्न प्रकार का चलनहरु छन् । तपाईको मण्डलीमा के चलन छ, सो निश्चित रुपमा जान्नुहोस् ।

© Project WorldReach © SEAN

परमेश्वर र तपाईको छिमेकीलाई प्रेम गर्नोस् ।

"येशूले जवाफ दिनुभयो, 'तैंले परमप्रभु आफ्ना परमेश्वरलाई आफ्नो सारा हृदयले, र आफ्नो सारा प्राणले, र आफ्नो सारा समझले प्रेम गर्नू ।' महान र प्रथम आज्ञा यही हो । दोस्रो पनि त्यस्तै छ, 'तैंले आफ्नो छिमेकीलाई आफैलाई जस्तै प्रेम गर्नू'।"

(मत्ती २२:३७-४०)

- हाम्रो सारा प्राणले परमेश्वरलाई प्रेम गर्नू भनेको भावनाको कुरा मात्र होइन । यो ता हाम्रो जीवनमा उहाँलाई पहिलो स्थान दिनको निम्ति गरिएको समर्पण हो । *"तिमीहरुले मलाई प्रेम गर्छौ भने मेरा आज्ञाहरु पालन गर्नेछौ ।"* (यूहन्ना १४:१५)

- प्रेम परमेश्वर र मानिसको निम्ति संगसंगै जानुपर्छ । *"जसले परमेश्वरलाई प्रेम गर्छ त्यसले आफ्नो भाइलाई पनि प्रेम गर्नुपर्छ ।"* (१ यूहन्ना ४:२१)

चेलाहरु बनाओ

"तब येशू तिनीहरुकहाँ आएर भन्नुभयो, 'स्वर्ग र पृथ्वीमा समस्त अधिकार मलाई दिइएको छ । यसकारण जाओ, र सबै देशका जातिहरुलाई चेला बनाओ, पिता र पुत्र र पवित्र आत्माको नाउँमा तिनीहरुलाई बप्तिस्मा देओ, मैले तिमीहरुलाई आज्ञा गरेका सबै कुरा पालन गर्न तिनीहरुलाई सिकाओ । हेर, म युगको अन्त्यसम्म सधैं तिमीहरुको साथमा छु' ।"

(मत्ती २८:१८-२०)

- चेला बनाउने प्रक्रियामा सुसमाचार प्रचार गर्ने र सिकाउने सम्बन्धी धेरै कुराहरु गरिनुपर्दछ ।

- तपाईले आफ्ना अविश्वासी परिवार र मित्रहरुलाई गवाही दिन थाल्नुपर्दछ ।

- त्यसपछि, पश्चाताप र विश्वास गर्नेहरुलाई, तपाईले अहिले गरिरहनु भएको जस्तै, तिनीहरुलाई येशूका आज्ञाहरु मान्न सिकाउनु पर्दछ । यसरी, तपाईले तिनीहरुलाई परिपक्व हुन र उनीहरुको आफ्नै

© Project WorldReach © SEAN

- खुशीसाथ दिनेलाई परमेश्वरले प्रेम गर्नुहुन्छ । (२ कोरन्थी ९:७) यी आज्ञाहरुमध्ये एक भएको कारणले मात्र तपाईले दिने होइन ।

- दशांश दिनु नयाँ करारको व्यवस्था होइन, यसकारण हामीले दिँदाखेरि प्रेममा दिन सिक्नुपर्छ ।

- भेटी र दशांशहरु खाँचोमा परेका इसाई जनहरु, सेवकहरु अनि पाष्टरहरु, अरु देशहरुमा मिसनेरी कामको निम्ति, अनि परमेश्वरको काममा भएका खर्चहरुको निम्ति प्रयोग गरिनुपर्दछ ।



- हाम्रा छिमेकीहरुलाई प्रेम गर्नुको अर्थ हाम्रा शत्रुहरुलाई पनि प्रेम गर्नु हो । (मत्ती ५:४४)

- एक शत्रुलाई प्रेम गर्नु भनेको उसको खाँचोमा उसलाई सहायता गर्नु हो । (लूका १०:२५-३७)

- यो किसिमको प्रेम हामीमा स्वाभाविक प्रकारले आउँदैन । *"प्रेम परमेश्वरबाट आउँछ ।"* (१ यूहन्ना ४:७)

- परमेश्वरबाट जन्मेको प्रेम हामीभित्र वास गर्नुहुने पवित्र आत्माको फल हो । उहाँले हामीलाई परमेश्वर र हाम्रा छिमेकीलाई प्रेम गर्नको निम्ति प्रोत्साहित गर्नुहुन्छ । *"तर पवित्र आत्माको फल चाहिँ प्रेम..... हो ।"* (गलाती ५:२२)

© Project WorldReach © SEAN

दिनहुँ परमेश्वरको वचन अध्ययन गर्नोस् अनि प्रार्थना गर्नोस् ।

"येशूले जवाफ दिनुभयो, लेखिएको छ, 'मानिस रोटीले मात्र होइन, तर परमेश्वरको मुखबाट निस्केको हरेक वचनले जीवित रहँदछ ।" (मत्ती ४:४)

"...जब तिमी प्रार्थना गर्दछौ, पाखण्डीहरुजस्ता नहोओ, किनकि तिनीहरु सभाघरहरुमा र सडकहरुमा कुनामा मानिसहरुले देखून् भनी खडा भएर प्रार्थना गर्न मन गर्दछन् ।... तर जब तिमी प्रार्थना गर्दछौ, आफ्नो भित्री कोठामा पस, र ढोका थुनेर गुप्तमा हुनुहुने तिम्रा पितालाई प्रार्थना गर, र गुप्तमा देख्नुहुने तिम्रा पिताले तिमीलाई इनाम दिनुहुनेछ ।"

(मत्ती ६:५,६)

"र प्रार्थना गर्दा अन्यजातिहरुजस्ता व्यर्थै नबरबराओ । किनभने धेरै शब्दमा बोल्दा तिनीहरुको सुनाइ हुन्छ भन्ने तिनीहरु विचार गर्दछन् । यसकारण तिनीहरुजस्ता नहोओ । किनभने तिमीहरुले उहाँसंग माग्नभन्दा अघिबाटै तिमीहरुलाई कुन-कुन कुराको खाँचो छ, सो तिमीहरुका पिता जान्नुहुन्छ ।"

(मत्ती ६:७,८)

दिनुहोस् ।

"देओ, र तिमीहरुलाई पनि दिइनेछ ।" (लूका ६:३८)

"आफ्नो निम्ति पृथ्वीमा धन-सम्पत्ति नथुपार, जहाँ कीरा र खियाले ती नष्ट पार्छन् र जहाँ चोरहरुले घर फोरेर ती चोर्छन् । तर आफ्नो निम्ति स्वर्गमा धन-सम्पत्ति थुपार, जहाँ कीराले वा खियाले नष्ट पार्दैन, र चोरले पनि चोर्दैन । किनकि जहाँ तिम्रो धन हुन्छ, त्यहीँ तिम्रो मन पनि हुन्छ ।"

(मत्ती २६:१९-२१)

- दिनु भनेको परमेश्वरको उपाषना गर्नुको एक भाग हो ।
- हामीले पृथ्वीमा उहाँको निम्ति दिएको अनुसार परमेश्वर ले स्वर्गमा हाम्रा निम्ति आशिषहरु थुपारिदिनुहुनेछ । (लूका १२:३३)
- धेरै दिए पनि उब्रेकोबाट मात्र दिनेलाई भन्दा थोरै भए पनि बलिदान, प्रेम अनि विश्वाससित दिनेले स्वर्गमा ठूलो इनाम पाउनेछ । (मर्कूस १२:४३-४४)

- तोडिएको रोटीको बारेमा येशूले भन्नुभयो: *"यो मेरो शरीर हो ।"* जब हामी यो खान्छौं, हामी उहाँको शरीरमा सहभागी भइरहेका हुन्छौं ।

- कचौराको बारेमा येशूले लिनुभयो: *"यो मेरो करारको रगत हो ।"* जब हामी यसलाई पिउँछौं, तब हामीले हाम्रा पाप क्षमाको निम्ति बहाइएको रगतको सम्झना गर्दछौं ।

- सम्पूर्ण प्रभुभोजले हामीलाई उहाँको उपस्थिति, क्षमादान अनि सामर्थ्य हामीमा भएको बुझाउँछ । अनि जब हामीले प्रभुभोज मनाउँछौं, हामीले खीष्ट र उहाँको मानिसहरुसितको संगति कायम गरेका हुन्छौं । (१ कोरन्थी १०:१६-१७)

टिप्पणी: मण्डलीहरुमा विभिन्न प्रकारले प्रभुभोज मनाउने चलन छ । तपाईको मण्डलीको चलन के छ, त्यो निश्चित रुपमा जान्नुहोस् ।

येशूले भन्नुभयो, *"तर तिमीहरुले यस किसिमले प्रार्थना गर"* अनि मत्ती ६:९-१३ मा भन्दै जानुभयो:

"हे हाम्रा पिता, जो स्वर्गमा हुनुहुन्छ, तपाईको नाउँ पवित्र होस् । तपाईको राज्य आओस् । तपाईको इच्छा स्वर्गमा जस्तो छ, त्यस्तै यस पृथ्वीमा पूरा होस् । हामीलाई आज हाम्रो दैनिक भोजन दिनुहोस् । हाम्रा अपराध क्षमा गर्नुहोस्, जसरी हामीले आफ्ना अपराधीहरुलाई क्षमा गरेका छौं । हामीलाई परीक्षामा पर्न नदिनुहोस्, तर दुष्टबाट छुटाउनुहोस् ।"



परमेश्वरले तपाईसंग व्यक्तिगत रुपमा संगति गर्न चाहनुहुन्छ :

- परमेश्वर तपाईसंग उहाँको वचनद्वारा बोल्नुहुन्छ । पवित्र आत्माले तपाईको मनलाई प्रज्वलित पार्नुहुन अनि प्रेमिलो आज्ञाकारितामा जिउन तपाईलाई मदत पुऱ्याउनको निम्ति यसलाई दिनहुँ अध्ययन गर्नोस् ।

- परमेश्वर चाहनुहुन्छ कि तपाई उहाँसंग प्रार्थनामा बोल्नुहोस् ।

- राम्रा राम्रा शब्दहरु बोल्नु अथवा केही वाक्यांशहरु कण्ठ पार्नु खाँचो छैन । खीष्टले व्यर्थका शब्दहरु दोहोऱ्याएको मन पराउनुहुन्न । तपाईको स्वर्गीय पितासंग स्वाभाविक रुपमा अनि आदर भावमा बोल्नुहोस् ।

- तपाईले घुँडा टेकेर, बसेर अथवा उभिएर, जसरी पनि प्रार्थना गर्नसक्नुहुन्छ । परमेश्वरले देहको अवस्थामा होइन, तर हृदयको व्यवहारमा रुचि लिनुहुन्छ ।

प्रभुभोजमा सामेल हुनुहोस् ।

"तिनीहरुले भोज खाइरहेको बेला येशूले रोटी लिनुभयो र आशीर्वाद दिनुभएपछि उहाँले त्यो भाँच्नुभयो र चेलाहरुलाई दिनुभयो र भन्नुभयो, 'लेओ, खाओ, यो मेरो शरीर हो ।' तब कचौरा पनि लिएर धन्यवाद दिई उहाँले तिनीहरुलाई यसो भनेर दिनुभयो, "तिमीहरु सबैले यसबाट पिओ । किनभने यो नयाँ करारको मेरो रगत हो, जो धेरैका निम्ति पापको प्रायश्चितको लागि बहाइन्छ' ।" *(मत्ती २६:२६-२८)*

- येशू फेरि नआउञ्जेल, येशूको सम्झनामा, अनि उहाँको मृत्युको घोषणा गर्दै हामी प्रभुभोजमा सामेल हुनुपर्दछ ।

© Project WorldReach © SEAN